# मातृ स्वास्थ्य तथा आङ्ग खस्ने समस्यामा हाम्रो चासो

**विषयक**

# जिल्लास्तरीय अन्तरसम्वाद कार्यक्रम

# धनकुटा

प्रतिवेदन पेश गर्ने :
**प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र, बागबजार, काठमाडौ**

**प्रतिवेदन तयार पार्ने** :
स्वास्थ्य अधिकार तथा सुर्तिजन्य वस्तु नियन्त्रणका लागि
जिल्ला सञ्जाल, धनकुटा
*२९ पौष २०७०*

# मातृ स्वास्थ्य र आङ खस्ने समस्याबारे

# अन्तरसम्वाद कार्यक्रमको प्रतिवेदन २०७०

धनकुटा/स्वास्थ्य अधिकार सुर्ति नियन्त्रणका लागि जिल्ला सञ्जाल धनकुटाको आयोजना, जनहित असल शासन क्लब धनकुटाको संयोजन, प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र, बागबजार काठमाडौको सहयोग र जिल्ला स्वास्थ्य कार्यालय, धनकुटाको सहजीकरणमा यहि मिति २०७० पौष २६ गते शुक्रवार धनकुटा सदरमुकाममा “मातृ स्वास्थ्य तथा आङ खस्ने समस्यामा हाम्रो चासो” विषयक अन्तरसम्वाद कार्यक्रम सम्पन्न भएको छ ।



*कार्यपत्र प्रस्ततीकरण गर्दै जनस्वास्थ्य निरीक्षक अच्छेलाल दास*

जनहित असल शासन क्लब, धनकुटाका कार्यकारी निर्देशक एवं स्वास्थ्य अधिकार सुर्तिजन्य वस्तु नियन्त्रणका लागि जिल्ला सञ्जाल, धनकुटाका संयोजक नोदनाथ त्रितालले सञ्चालन गर्नुभएको सो अन्तरसम्वाद कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक अच्छेलाल दासले मातृ स्वास्थ्य र पाठेघर खस्ने समस्याबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । साथै उहाँले आफ्नो कार्यपत्र प्रस्तुतीसंग सहभागीहरुका जिज्ञाषाहरुको समेत समाधान गराउनु भएको थियो । स्वास्थ्य अधिकार सुर्ति नियन्त्रण जिल्ला सञ्जालका संयोजक नोदनाथ त्रितालले कार्यक्रमको औचित्य र उद्धेश्यमाथि प्रकाश पार्दै सुर्ति नियन्त्रणका लागि विगत दुई वर्षमा भए गरेका क्रियाकलापहरुबारे कार्यपत्रसहित जानकारी प्रस्तुतीकरण गर्नुभएको थियो । विस्तृत प्रतिवेदन पढ्नुहोस्



*कार्यपत्र प्रस्ततीकरण गर्दै जनस्वास्थ्य निरीक्षक अच्छेलाल दास*



*कार्यपत्र प्रस्ततीकरण गर्दै जनस्वास्थ्य निरीक्षक अच्छेलाल दास*

कार्यक्रमलाई तीन चरणमा विभाजन गरी सञ्चालन गरिएको थियो । कार्यक्रमको पहिलो खण्डमा सञ्चालकले सबै सहभागीहरुलाई सामुहिक सभापतित्वको लागि आग्रह गर्नुभएको थियो । त्यसपछि तालीसहित घण्टी बजाएर कार्यक्रमको शुरुवात गरी सभापतित्व आसन ग्रहण सम्पन्न भएको थियो । त्यसपछि सञ्चालनबाट कार्यक्रमको औचित्य, उद्धेश्यमाथि प्रकाश पार्दै स्वास्थ्य अधिकार सुर्ति नियन्त्रण जिल्ला सञ्जाल गठन भएदेखि हालसम्म भए गरेका कामकारवाहीहरुबारे जानकारी गराइएको थियो



*कार्यपत्र प्रस्तुतीकरण गर्दै जनस्वास्थ्य निरीक्षक अच्छेलाल दास*

भने कार्यक्रमको दोस्रो खण्डमा जिल्ला स्वास्थ्य कार्यालयको तर्फबाट जनस्वास्थ्य निरीक्षक अच्छेलाल दासले मातृ स्वास्थ्य तथा आङ्ग खस्ने समस्याबारे कार्यपत्र सहित प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणमा उहाँले विषयवस्तुको सन्दर्भ, समस्या, चुनौती, समाधानका उपायहरु, सचेत हुनुपर्ने पक्षहरु, पारिवारिक दायित्व, औषधीहरुको प्रयोग आदि विषयहरुमा तथ्याँकहरुसहित जानकारी गराउनुभएको थियो । महिलाहरुको दैनिक समस्या भोग्नु परेको अवस्थाबारे समेत छलफल अन्तरक्रियात्मक ढँगले कार्यक्रम अगाडि बढेको थियो । ***जनस्वास्थ्य निरीक्षकबाट प्रस्तुत कार्यपत्र यसैसाथ संलग्न छ ।***



*अन्तरसम्वाद कार्यक्रमका सहभागीहरु*

त्यसपछि कार्यक्रमको तेस्रो तथा अन्तिम चरणमा सहभागी महिलाहरुबाट जनस्वास्थ्य निरीक्षकलाई विभिन्न जिज्ञाषाहरु राख्नु भएको थियो । विशेष गरी पाठेघर खस्ने समस्याबारे भोग्नु परेका अनुभवहरुलाई आदानप्रदान गरिएको थियो । सो क्रममा महिलाहरुको यस समस्या ज्वलन्त भएकोले यसको न्युनीकरणका लागि महिलाहरुमा सचेतना फैलाउनु पर्ने र यस्ता कार्यक्रमहरु गाविसस्तरमा समेत गर्नुपर्ने धारणा व्यक्त भएको थियो । कार्यक्रमको सवाल जवाफ चरणपश्चात आयोजकको तर्फबाट सबैमा धन्यवाद ज्ञापन सहित सम्पुर्ण सहभागी सभापतिहरुको आज्ञाले तालीका साथ घण्टी बजाएर कार्यक्रम समापन गरिएको थियो ।

**प्रतिवेदन प्रस्तुतकर्ता :**
नोदनाथ त्रिताल
संयोजक, स्वास्थ्य अधिकार सुर्ती नियन्त्रण
(HRTC) जिल्ला सञ्जाल, धनकुटा
मिति : २०७० पौष २९ गते